बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दोलखा

भिमेश्वर न.पा.-६, चरिकोट

## समाचार ! समाचार !! समाचार !!

प्रकाशन मिति: २०८१।१२।१७

### दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन अन्तरकृया सम्पन्न

डिभिजन बन कार्यालय दोलखाको आयोजनामा थाङसा देउराली सामुदायिक वन उपभोक्ता समुहको भिमेश्वर न.पा. ७ को दिगो वन व्यवस्थापन कार्ययोजना कार्यन्वयन बिषयक अन्तरकृया २०८१/१२/१६ गते सम्पन्न भयो । कार्यक्रममा भिमेश्वर नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष, थाङसा देउराली सामुदायिक वन उपभोक्ता समुहका उपभोक्ता लगायत करिब ५५ जनाको उपस्थीति रहेको थियो । डिभिजन वन कार्यालय दोलखाका वन अधिकृत विष्णु बहादुर के.सी. ले सा.व. को १० बर्षे योजनामा भएका वन व्यवस्थापन कृयाकलापहरुको बारेमा प्रस्तुति गर्नुभएको थियो । जिल्लाका ४ वटा सामुदायिक वनको दिगो बन व्यवस्थापन कार्ययोजना गत आ.व. मा निर्माण भई स्वीकृत भएको थियो । ति मध्ये ३ वटा सा.व. को दिगो वन व्यवस्थापन कार्ययोजना यस वर्ष कार्यान्वियन भैरहेको छ । थाङसा देउराली सामुदायिक वनको दिगो वन व्यबस्थापन कार्ययोजना अनुसार यस आ.व. मा करिब ४.५ हे. क्षेत्रमा थिनिङ कार्य संचालन हुने छ । साथै गत आ.व. मा लागेको डढेलोको कारण मरेका रुखहरु समेत सदुपयोग गर्न स्वीकृत कार्ययोजनामा व्यवस्था रहेवाट सो कार्य समेत संचालन गरिने छ । वन डढेलो नियन्त्रणको लागि अग्निरेखा समेत निर्माण गरिने कार्यक्रम रहेको छ । यस वर्ष थिनिङ लगायतका कृयाकलाप संचालन गरी गरीने वन व्यवस्थापन कार्यवाट करीब १४ हजार क्युफिट काठ उत्पादन भई करिब २ हजार श्रमदिन बराबरको रोजगारी श्रृजना हुने देखिन्छ । योजना कार्यान्वयनवाट वन डढेलो नियन्त्रण र न्यूनिकरण र वनपैदावरको सतत् आपुर्ती भई वनको विकास, समूहको विकाश, रोजगारी सृजना लगायतमा सकरात्मक योगदान पुग्ने देखिन्छ ।

.................................
चिरञ्जीवी थापा मगर
सूचना अधिकारी
डिभिजन वन कार्यालय दोलखा ।

फोन नं. ०४९-४२११३५ सुचना अधिकारी ९८५४०२०१५९, कार्यालय प्रमुख ९८५४०४६१३५
ईमेल: dolakhadfo2020@gmail.com, doldfo.mofe@bagamati.gov.np, website: http://dfodolk.bagamati.gov.np

CamScanner